Govt. Regd. No.: 451/2016

हरियाली रक्षक

GREEN GUARD

March /April 2016



नेपालमा बाँदर



गोल्डुङगामा चितुवा



अजिङ्गर



एक सिंगे गैंडा

थप मध्यवर्ती क्षेत्र घोषणा

मध्यवर्ती क्षेत्रमा स्थानीय समुदायको जीबिकोपार्जनमा सुधार ल्याउन थप टेवा पुग्नेछ-



कमलजङ्ग कुँवर

प्रमुख संरक्षण अधिकृत,

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज

STUDENTS OF JOURNALIST/ENVIRONMENT CLUB FROM DIFFERENT SCHOOL INVOLVED IN GREEN GUARD


Gramsewa HS School Dharmasthali


North Valley English Sec. School


Prithavinarayan HS. School


Nagarjun Secondary School


Puranoguheshwory Secondary School


Nagarjun THS School Jitpurphedi


Budhanilkantha School


Shahid Sukra Secondary, Bagbazar


Jitpurphedi HS School

Little Green Guards
Presents
Bimonthly Magazine

GREEN GUARD

Advisor
Prof. Dr. Ramesh Shrestha,
Roshan Shah
Madhav Paudel

Chief Editor
Dipak B. Thapa

Chief Reporter
Hem Magar

Co-ordinator/ Editor
Bishwanth Rijal

Photo
B Rijal / Kabita Trital

Office
Bagbazar, Kathmandu
Mobile: 9808244120
Email: greenguard2016@gmail.com

Design & Layout
Pranaya Sindurakar-9841324249

Printed at
Sopan Press Pvt. Ltd.-4442206



Gokarna Secondary School
Gokarna, Kathmandu

सम्पादकीय
EDITORIAL

वन, वन्यजन्तुकोलागि हरियाली रक्षक

वन, वन्यजन्तुमा परेको नकारात्मक असर, वन्यजन्तु र मानव द्वन्द्व, राजधानी काठमाडौं वन्यजन्तु अपराधकर्मीहरुको सुरक्षित स्थलको रुपमा विकसित हुँदै गएको तथ्यलाई मध्यनजर गरी जनचेतना अपरिहार्य आवश्यकताको विषय बनिरहेको छ । सरकारी क्षेत्रबाट देखिएको उदासिनता एवम् शैक्षिक पाठ्यक्रममा समेत यस्ता विषयवस्तु समेटिन नसक्दा पारिस्थितिक प्रणाली बिग्रदो अवस्थामा पुगेको छ । वन, वन्यजन्तुमा सरोकार राख्ने निकायहरुको झारा टार्ने प्रवृत्ति एवम् वन्य जन्तु अपराधमा बुनिने जालोलाई खबरदारी गरी पारिस्थितिक प्रणाली दिगो रुपमा स्थापित गर्न हरियाली रक्षक तपाईको सामु आएको छ । सम्बन्धित निकायको ढोका ढकढक्काउने यो प्रयासलाई यहाँहरुको अमूल्य सुझाव प्रतिक्रियाको अपेक्षा गर्दछौं ।

आवरण लेख

नेपालमा बाँदर



नवीन राना मगर
कक्षा १०, श्रीपुरानो गुहेश्वरी मा.वि. गोलढुङ्गा

संसारमा झण्डै २३४ उपजाति भएका बाँदरहरु पाइन्छ । नेपालमा तीन प्रजातिका लंगूरहरू र दुई प्रजातिका बाँदरहरू पाइन्छन् । हुन त सदर चिडियाखानामा झण्डै ३५ वर्ष अघि विदेशबाट ल्याएको वनमान्छे (सिमाङ्ग) को जोडी अझै पनि छ ।

रातो बाँदर, Rhesus Macaque/*Macaca mulata* रेसश बाँदरको पछाडि पट्टीको भाग अर्थात नितम्ब रातो हुन्छ जुन बच्चा जन्माउने मौसममा दुबै भाले पोथीमा झन् गाढा हुन जान्छ ।

आसामी बाँदर Assam Macaque/*Macaca assamensis* - यसलाई ठाँउ अनुसार मिसल बाँदर, पहरे बाँदर, ध्वाँसे बाँदर, कालगाँडा आदि नामले चिनिन्छ । हेर्दा रातो बाँदर जस्तो देखिने यो बाँदरको पुच्छरको मुनिको भाग रातो हुँदैन । अनुहार फिक्का वैजनी रंगको हुन्छ । नाकको छेउमा निलडाप परेको जस्तो हुन्छ । थुतुनो अलि बुच्चो, पुच्छर अलि लामो अनि शरीरका रौं सुनौला दखि भण्टा रंगको हुन्छ । पोथीहरुमा अनुहार सिन्दुरे देखि मासु रंग वा फिक्का सेतो हुन्छ । शान्तप्रिय, लजालु सुरक्षित रुपमा बस्न खोज्ने हुनाले यी बाँदर मानव बसोबास स्थलबाट अलि टाढा हुन्छन् । रुपैयाँ दसको हुलाक टिकटमा पहरे बाँदरको फोटो अंकित छ ।

लंगुर बाँदर - ३ प्रजातिका लंगूरहरू पहिले Prebytis entellus/*Semnopithecus entellus* का उप-प्रजातिका रुपमा थिए । कालो अनुहार, सेतो रौ र शरीरको लम्बाई भन्दा लामो पुच्छर भएको यसलाई हनुमान लंगुर भनिन्छ । नेपालमा पाइने अन्य बाँदर भन्दा यी बाँदर सोझो प्रकृतिका हुन्छन । तीन प्रजातिका लंगूरहरू नेपाल लंगूर Nepal langur/*Semnopithecus schistaceus,* तराई लंगूर Tarai Langur/*Semnopithecus hector* र पश्चिमा लंगूर *Semnopithecus ajax* हुन् ।



अन्य देशमा बाँदरहरुलाई संरक्षित जन्तुमा राखिएको छ । रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित (पहरे बाँदर), साइटिस (CITIES) (वन्यजन्तु ओसार पोसार तथा व्यापार महासन्धी) मा अनुसूचि १ (नेपाल लंगूर, तराई ग्रे लंगूर, पश्चिमा लंगूर), अनुसूचि २ (पहरे बाँदर, रातो बाँदर), आइयूसिएन रेड बुकमा संकटापन्न (पश्चिमा लंगूर), लोपोन्मुख (पहरे बाँदर, तराई ग्रे लंगूर), कम चासो भएको (रातो बाँदर, नेपाली लंगूर) उल्लेख छ ।

अन्तमा विकासक्रमले बाँदरहरु मानिसका नजिकका प्राणी हुन भनेर प्रमाणीत गरेको छ । बाँदर र मानव जातिको शारिरीक प्रतिक्रिया निकै मिल्दो छ यसैले पनि औषधी विज्ञानले बाँदर जातिकै उपयोगबाट ठूलो फड्को मारेको छ । मान्छेको जस्तै बाँदरमा महिनावारी हुनु, वच्चालाई माया गर्नु, दुध खुवाउनु, भाले पोथीमा प्रेम हुनु, संगै बस्नु, खानु, सुत्नु, एवमं हाडनातामा सकेसम्म यौन सम्पर्क नगर्नु, आक्रमण गर्दा समूहमा गर्ने जस्ता गुणले पनि यी बाँदर जाति मानव जातिसंग मिल्दो जुल्दो प्राणीका रुपमा देखिन्छ । वातावरणीय स्थितिको सूचक भएका यी प्राणीहरुले हाम्रो पारिस्थितीक प्रणालीलाई सन्तुलन गर्न ठूलो भूमिका खेलेको छ । वनजंगलमा परागसेचन गराउने एक ठाउँको बिउ अर्को ठाउँमा पुऱ्याई त्यो ठाउँमा बिरुवा उर्मान एवमं ठूला ठूला रुखका फेदमा स-साना बिरुवा उमार्न र वनजंगल बढाउन ठूलो भूमिका खेलेको कुरा बैज्ञानिकहरुले दावी गरेका छन । वनजंगलमा खाद्य-चक्रको श्रृंखलामा पनि यो प्राणी बाघ, चितुवाको आहार वन्न पुगेको छन् । हाम्रो धार्मिक, सांस्कृतिक मूल्य मान्यतासंग जोडीएका यी प्राणीहरु कतै कतै जंगलमा मृग प्रजाति संग संगै हिडेर एक अर्कामा सहयोगी बनेको देख्दा जो कोहि को मन पनि यो प्राणीको संरक्षण गर्नु पर्दछ भन्ने कुरामा कसो नजाग्ला ? हाम्रो देशमा मानवीय क्रियाकलापका कारण यी प्राणीहरु प्रति संरक्षण जागेको देखिन्दैन । यीनीहरुको लोप हुनु भनेको मानवको पनि अस्तित्व मेटिने दिनको शुरु हो भन्ने कुरा बुझेर यीनीहरुको संरक्षण गर्नु हाम्रो कर्तव्य हो ।

अन्तर्वार्ता

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा स्थानीय समुदायको जीबिकोपार्जनमा सुधार ल्याउन थप टेवा पुग्नेछ-

कमलजङ्ग कुँवर
Shivapuri Nagarjun National Park Kathmandu
Chief Conservation Officer



वन, वन्यजन्तु संरक्षणमा २४ वर्षदेखि सक्रिय, गैडा संरक्षणमा उल्लेखनीय भूमिका खेल्दै गैडा अबैध शिकारमा "सून्य वर्ष" मनाउन सफल श्रेय, "गैडालाई चार वर्ष" नामक पुस्तकका लेखक एवम् २०६४ को अब्राहम संरक्षण पुरस्कारबाट पुरस्कृत जसको उपस्थितिले पारिस्थितिक प्रणालीको संतुलनमा गतिशील अनुभूति उत्पन्न हुन्छ । पछिल्लो समय शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा रहँदा मध्यवर्ती क्षेत्र लागू गर्न पुऱ्याउनु भएको योगदान कै विषयमा हाम्रा प्रतिनिधिले प्रमुख संरक्षण अधिकृत कमलजङ्ग कुँवरसँग गरेको कुराको सारसंक्षेपः-

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जलाई कसरी चिन्ने ?

☞ २०५८ फागुन ६ गते शिवपुरी राष्ट्रिय निकुञ्जको विधिवत रुपमा स्थापना भएको थियो । २०६५ फागुन १२ गते शिवपुरी राष्ट्रिय निकुञ्जको चार किल्लामा नागार्जुन क्षेत्र थप गरि शिवपुरी नार्गाजुन राष्ट्रिय निकुञ्ज नामाकरण गरियो । यो राष्ट्रिय निकुञ्ज काठमाडौँ उपत्यकाको उत्तर तथा पश्चिमी दिशामा पुर्व पश्चिम फैलिएर रहेको छ । भौगोलिक दृष्टिकोणले राष्ट्रिय निकुञ्ज भिरालो पहाडी भू-धरातलमा रहेको छ । यो नेपालको मध्यपहाडी क्षेत्रमा रहेको एक मात्र राष्ट्रिय निकुञ्ज हो । यो निकुञ्ज शिवपुरी (१४४ वर्ग कि.मी.) र नागार्जुन (१५ वर्ग कि.मी.) गरी दुई भिन्न टुक्रामा रहेको छ । निकुञ्जको चारैतिर घना मानव वस्ती रहेको छ । साथै राजधानी शहर काठमाडौँसँगै जोडिएर रहेको हुँदा यहाँ वर्षेनी हजारौ पर्यटकहरुले यसको अवलोकन भ्रमण गर्दै आएका छन् ।

यस राष्ट्रिय निकुञ्जको प्रमुख उद्देश्य के हो ?

☞ यस राष्ट्रिय निकुञ्जको उद्देश्यहरुमा वाग्मती, विष्णुमती, इन्द्रावती र त्रिशुली नदीको जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्नु, दोश्रो काठमाडौँ र मध्यवर्ती क्षेत्रका बासिन्दाहरुलाई खानेपानीको आपूर्ति गर्नु, तेश्रो काठमाडौँ र वरपरको वस्तीमा वातावरणीय स्वच्छता कायम गरी वायू प्रदुषणलाई न्यूनिकरण गर्नु र चौथो मध्यपहाडी क्षेत्रको जैविक विविधता संरक्षण गर्नु रहेको छ ।

निकुञ्जमा मध्यवर्ती क्षेत्र लागू गराउने र यसको आवश्यकता कस्तो छ ?

☞ राष्ट्रिय निकुञ्जको स्थापना पछि स्थानीय बासिन्दाहरुलाई वन पैदावार उपभोगमा पर्न गएको

असुबिधालाई ध्यानमा राखेर उनीहरुले नियमित रुपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि निकुञ्ज वरिपरीको कुनै पनि क्षेत्रलाई चार किल्ला खोली मध्यवर्ती क्षेत्र तोक्न सक्ने व्यबस्था राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा ३ क (१) ले गरेको छ। यस निकुञ्ज वरिपरीको मध्यवर्ती क्षेत्रभित्र १४,५५८ घरधुरी परिवारको बसोबास रहेको छ। त्यहाँको महिला ४०,१८७ र पुरुष ३९,५८९ गरि कुल जनसंख्या ७९,७७६ रहेको छ। निकुञ्ज वरिपरी बसोबास गर्ने स्थानीय बासिन्दाको निकुञ्ज माथिको चाप कम गर्दै लैजान उपरोक्त प्राबधान बमोजिम यस निकुञ्जको मध्यबर्ति क्षेत्रमा वन संरक्षण र विकास गर्नु आवश्यक हुन्छ।

मध्यवर्ती क्षेत्र कसरी लागू गर्न सकिन्छ ?

☞ मध्यवर्ती क्षेत्र तोक्दा प्राकृतिक सिमानालाई मुख्य आधार बनाउनुका साथै राष्ट्रिय निकुञ्जाबाट प्रभावित हुन सक्ने क्षेत्र, राष्ट्रिय निकुञ्जको भौगोलिक अवस्थिति, राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने गाउँ तथा बस्तीहरुको अवस्थिति, र मध्यवर्ती क्षेत्रको व्यवस्थापनको दृष्टिकोणले सरल र व्यवहारिक हुन सक्ने क्षेत्रलाई समावेश गरिएको छ। मध्यवर्ती क्षेत्रको सामुदायिक विकास, वातावरणको संरक्षण र सो क्षेत्रको वन पैदावारको सन्तुलित उपभोगका लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्य योजना तयार पारी लागु गर्नु पर्दछ।

के मध्यवर्ती क्षेत्र घोषणा भएको छ ? कुन कुन क्षेत्र समेटिएको छ ?

☞ निकुञ्जसँग सिमाना जोडिएका काठमाडौँ जिल्लाका साविक १७ गाविस, नुवाकोट जिल्लाका ९ गाविस, सिन्धुपलान्चोक जिल्लाका २ गाविस र धादिङ्ग जिल्लाको १ गाविस गरि चार जिल्लाका कुल २ ९ गाबिसलाई समेटेर मध्यबर्ती क्षेत्र तोकिएको छ। २९ गाबिसका १४९ वटा वडाहरु मध्यबर्ति क्षेत्रभित्र समेटिएको छ। काठमाडौँ जिल्लाका १७ वटा गाविसलाई नेपाल सरकारले शंखरापुर, कागेश्वरी मनहरा, गोकर्णेश्वर, बुढानिलकण्ठ, टोखा तारकेश्वर, नार्गाजुननगरपालिका घोषणा गरेको छ। यसरी सिमाङ्कन गर्दा प्राकृतिक सीमानालाई मुख्य आधार मानि सिमाङ्कन गरिएको हुँदा उपरोक्त वडाहरु मध्ये १०५ वटा वडाको पुरा भाग र ४४ वटा वडाको आंशिक भाग मात्र मध्यबर्ती क्षेत्र भित्र समेटिएको छ। नेपाल सरकार मन्त्रिपरिषदले २०७२ फागुण १७ गते मध्यवर्ती क्षेत्रको घोषणा गरेको छर यसको कुल क्षेत्रफल ११८.६१वर्ग कि.मी. रहेको छ। मध्यवर्ती क्षेत्रभित्र वन तथा बुटचाँनले ढाकेको क्षेत्रफल २७.१७४ वर्ग कि.मी.(२३.२८%), खेतीयोग्य जमिनले ८६.८९३ वर्ग कि.मी.(७४.४७%) र अन्य प्रयोजनमा भू-उपयोग भएको जमिन २.६१६ वर्ग कि.मी.(२.२४%) रहेको छ।

त्यसैगरी जिल्ला वन कार्यालय काठमाडौँ, नुवाकोट, सिन्धुपाल्चोक र धादिङबाट प्राप्त अभिलेख अनुसार मध्यवतर्ती क्षेत्र भित्र दर्ता गरेका ८०५.९५ हेक्टर क्षेत्रफल भएका ४९ वटा सामुदायिक वन (घरधुरी ४६६५), १०० हेक्टर क्षेत्रफल भएको एक वटा कबुलियती वनको रुपमा र ३७ रोपनी क्षेत्रफल भएको १ वटा धार्मिक वनको रुपमा संरक्षण, सदुपयोग र व्यवस्थापन गरिदै आएको छ।

मध्यवर्ती क्षेत्रमा आर्थिक व्यवस्थापन कसरी गरिन्छ ? वन, वन्य जन्तु एवम् सो क्षेत्रमा बासिन्दाहरु कसरी लाभान्वित हुनेछन् ?

☞ निकुञ्ज कार्यालयले आ.ब. २०७१/७२ मा बिभिन्न शिर्षकमा कुल रु १,६७,३८,७१५/२२ राजश्व आर्जन गरेको छ। राजश्वको मुख्य श्रोत नेपाली तथा बिदेशि पर्यटक निकुञ्ज प्रबेश गरे वापत प्राप्त हुने शुल्क हो। आ.ब. २०७१/७२ मा स्वदेशि र बिदेशि गरि कुल १,३८०८४ पर्यटक निकुञ्ज प्रबेश गरेका छन र यो संख्या बर्षेनी बढ्दै गएको छ। मध्यबर्ति क्षेत्र ब्यबस्थापनको लागि आबश्यक पर्ने आर्थिक श्रोतको ब्यबस्था राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा २५ (क) ले गरेको छ। त्यसमा राष्ट्रिय निकुञ्जले गरेको आम्दानीको रकम मध्ये तीसदेखि पचास प्रतिशत सम्म रकम सामुदायिक बिकासको लागि खर्च गर्न सकिनेछ।

यो निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा भएपश्चात सो को व्यवस्थापनबाट आगामी बर्षहरुमा मध्यवर्ती क्षेत्रमा निकुञ्जले आर्जन गरेको रकमबाट एकीकृत संरक्षण तथा बिकास कार्यक्रम सञ्चालन गरिने हुँदा त्यहाँ बसोबास गर्ने स्थानीय समुदायको जीबिकोपार्जनमा सुधार ल्याउन थप टेवा पुग्नेछ। यसबाट स्थानिय बासिन्दा गरिबीका कारण निकुञ्जका श्रोतहरुमा निर्भर हुनु पर्ने स्थितिको बिस्तारै अन्त्य हुँदै जानेछ। मध्यवर्ती क्षेत्रमा वन विकासको माध्यमबाट वन पैदावारको आपूर्तिमा बृद्धि हुनेछ। साथै वातावरणमैत्री प्रबिधि लागु गर्न प्रोत्साहन गरिने छ। यसबाट वन पैदावारको लागि निकुञ्जमा पर्दै आएको चापमा कमी आई निकुञ्जका जैबिक श्रोतहरुको दीर्घकालिन संरक्षण गर्न टेवा पुग्नेछ।

निकुञ्जमा रहेका चितुवा, बँदेल, बाँदर, दुम्सी, हिमाली कालो भालु लगायतका वन्यजन्तुले बर्षेनी स्थानीय बासिन्दाको बालीनाली नाश गर्ने तथा पशुधनलाई क्षति पुर्‍याँउदै आएका छन। यसबाट हुन पुगेको जीउधनको क्षतिलाई न्यूनिकरण गर्ने उपायहरुको अबलम्बन गरिनेछ। यसबाट निकुञ्ज ब्यबस्थापन पक्ष र स्थानिय बासिन्दा बिचको द्धन्द न्यूनिकरण भई निकुञ्ज ब्यबस्थापन कार्य सहज र द्धन्दमुक्त हुनेछ। निकुञ्ज र मध्यवर्ती क्षेत्र भित्रको भू-भाग काठमाडौँ उपत्यकामा खानेपानी आपूर्ति गर्ने मुख्य क्षेत्र हो। निकुञ्जको मध्यवर्ती क्षेत्र छुट्टयाँए पछि त्यस क्षेत्रमा मध्यवर्तीका बासिन्दा र निकुञ्जको सहकार्यबाट जलाधार क्षेत्रको संरक्षण हुन पुगि काठमाडौ उपत्यकामा दीगो रुपमा खानेपानीको आपूर्ति गर्न सहयोग पुग्नेछ।

मध्यवर्ती क्षेत्रमा लागू हुने कानूनी प्रावधान एवम् निषेधित कुराहरु के के होलान् ?

☞ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा भएको व्यवस्था बमोजिम मध्यवर्ती क्षेत्रको व्यवस्थापनका लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ र मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका २०५६ का आधारमा यसको संस्थागत विकास, योजना तर्जुमा, कार्यक्रम तर्जुमा, यसको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरी स्थानीय समुदायको आर्थिक सामाजिक अवस्थामा सुधार तथा शसक्तिकरण हुनेछ। मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम १७ ले मध्यवर्ती क्षेत्रभित्र आफ्नो हक नपुग्ने कुनै भू-भाग नियन्त्रण गर्न वा रुख काट्न, वन फाँड्न वा वन क्षेत्र आवाद गर्न, वन पैदावार नास हुने कुनै काम गर्न वा वनमा आगो लगाउन, वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्न सक्ने गरी ढुङ्गा, माटो, बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ माटो वा अन्य यस्तै पदार्थ

हटाउन, मध्यवर्ती क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको स्रोतमा कुनै हानिकारक विषादी वा विष्फोटक पदार्थहरु प्रयोग गर्न, अनधिकृत रुपमा शिकार खेल्न र वन्यजन्तुलाई क्षति पुऱ्याउन निषेधित गरेको छ। मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका २०५६मा मध्यवर्ती क्षेत्र उपभोक्ता समूहको कार्य योजनामा उपभोक्ता समूहले आफ्नो क्षेत्रमा गरिने प्राकृतिक स्रोतको संरक्षण, सामुदायिक विकास कार्यक्रम एवं वन पैदावारको उपयोग समेतका कार्यक्रम संचालन गर्नका लागि कार्य योजना तयार पार्दा संरक्षण कार्यक्रममा तीस प्रतिशत, सामुदायिक विकास कार्यक्रममा तीस प्रतिशत, आय आर्जन तथा सीप विकास कार्यत्रममा बीस प्रतिशत, संरक्षण शिक्षा कार्यक्रममा दश प्रतिशत र प्रशासनिक खर्चमा दश प्रतिशत बजेट छुट्टाई कार्य योजना तयार गर्नु पर्नेछ।

मध्यवर्ती क्षेत्रमा बासिन्दाले गौरव गर्ने कुराहरु के के हुन सक्छ ?

☞ मध्यवर्ती क्षेत्र उपभोक्ता समिति र समूहहरुले संरक्षित क्षेत्रको संरक्षण र विकासमा सदैव आवश्यक सहयोग पुऱ्याउँदछौ, मध्यवर्ती क्षेत्रको प्राकृतिक श्रोतको संरक्षण र उचित सदुपयोगमा सदैव सकृय सहभागी रहनेछौ, संगठन, वचत र सीपको विकास मार्फत हामीहरुको विकास हुन्छ भन्ने कुरामा हामी पूर्ण विश्वास राख्दछौ, हामीहरु सामुहिक वा व्यक्तिगत रुपमा समूहको वचत कार्यक्रमबाट प्राप्त ऋण समेतको परिचालन गरी आय आर्जनका विभिन्न कार्यक्रमहरु संचालन गर्नेछौ, हामीहरु निजी र सामुदायिक जग्गामा बढी से बढी वहुउपयोगी बोट विरुवाहरु रोप्दछौ, हाम्रा सवै बालबालिकाहरु विद्यालयमा पठाउँदछौ, हाम्रो गाउँ सफा राख्नेछौ, हामीहरु हरेक घरका चर्पी र सुधारिएको चुल्हो बनाउनेछौ र अरुलाई पनि यस्तै गर्न प्रेरित गर्नेछौ, नदीमा ढल मिसाउने छैनौ तथा फोहोर फाल्ने छैनौं, हामीहरु वस्तुभाउको उत्पादकत्व बढाउन उचित व्यवस्थापन गर्नेछौ, हामीहरु विभिन्न तालीममा भाग लिन्छौ र आफूले सिकेका कुराहरु अरुलाई पनि सिकाउँदछौ र सम्पूर्ण गाउँ वस्तीहरुलाई फाईदा हुने कामहरुमा हामीहरु अन्य समूहसँग मिलेर समेत काम गर्नेछौ शर्तहरुमा पालना गर्नुपर्ने व्यवस्था मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका २०५६ ले गरेको छ।

मध्यवर्ती क्षेत्र घोषणा भएपछि उक्त क्षेत्रमा रहेको स्थानीय समुदायको भू स्वामित्वलाई कुनै असर पारिने छैन। संरक्षण शिक्षा, सिप विकास र आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ। जसबाट संरक्षण चेतना अभिबृद्धि भई संरक्षणको भाव जागृत हुनेछ।

अन्त्यमा, मध्यवर्ती क्षेत्रको उद्देश्यलाई कसरी लिन सकिन्छ ?

☞ मध्यवर्ती क्षेत्रका दुई वटा मुख्य उद्देश्यहरु रहेका छन्। पहिलो उद्देश्य स्थानीय समुदायका दैनिक उपभोगका वन पैदावार काठ, दाउरा, घाँसपात, स्याउलासोत्तर आदि आपूर्ति गर्न मध्यवर्ती क्षेत्रमा वनको विकास र संरक्षण गर्ने र निकुञ्जले गरेको आम्दानिको तीस देखि पचास प्रतिशत रकमबाट स्थानीय समुदायको आर्थिक सामाजिक अवस्थामा सुधार गर्नु रहेको छ। यसबाट स्थानीय समुदायमा निकुञ्जको वन, वन्यजन्तु र वातावरण हाम्रो हो भन्ने अपनत्वको भावना जागृत गराई जैविक विविधता संरक्षणमा स्थानीय समुदायको सक्रिय सहभागिता हासिल गर्नु यसको प्रमुख लक्ष्य रहेको छ।

बुढानिलकण्ठ क्षेत्रमा बाँदरको समस्या र उद्धार



समिप खुलाल
कक्षा १०, बुढानिलकण्ठ स्कुल, बुढानिलकण्ठ

विगत केहि समयदेखि बुढानिलकण्ठ स्कुल र यस वरिपरिका क्षेत्रमा बाँदरले दुःख दिन थालेको छ । स्कुल क्षेत्रमा समेत बाँदर प्रबेश गरी स्कुलको टायल उक्काउने, भ्यालबाट छिर्ने जस्ता समस्या बढेपछि स्कुल प्रशासनले जिल्ला वन कार्यालय, काठमाडौंलाई बाँदर नियन्त्रणका लागि पत्राचार समेत गऱ्यो । प्रतिनिधिका रुपमा विश्वनाथ रिजाल सर स्कुलमा आई हामी Journalist club का विद्यार्थीहरुलाई Human and monkey conflicts and It's solution बारेमा अवगत गराउनु भयो । हाम्रो सरहरुले स्कुल क्षेत्रमा आउने एउटा नाइके









जस्तो बाँदरलाई एउटा पुरानो गाडी भित्र थुन्न सफल हुनु भयो । हामीले पुनः जिल्ला वन कार्यालय काठमाडौंलाई त्यस बाँदरलाई उद्धार गर्न आग्रह गऱ्यौं । सदर चिडियाखाना जावलाखेलको भेटनरियन सहित बाँदर उद्धार गर्न २०७२ फाल्गुन २६ गते एक टोली आइपुग्यो । उक्त बाँदरलाई लठ्याउने इन्जेक्सन (Dart) दिई बेहोस बनाएको र प्राकृतिक बासस्थान तिर लगेको हेऱ्यौं । अझै पनि धेरै बाँदरहरुले त्यस क्षेत्रमा आई दुःख दिइरहँदा दिगो रुपमा यसबाट बच्न सकिएको भने छैन ।

Poem

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको सुवास



निरुता भट्ट
कक्षा ९, श्री पुरानो गुहेश्वरी मा.वि.

दुःखी चरी विचरी यो छैन नि कसैको सहारा
ब्युझिएर हेर्दाखेरी गुन्जिरहेछन् छहरा

उडी जाँऊ कतै भने शक्ति प्वाँखमा छैन
अब बिपनीमै साहरा देऊ सपनिमा होइन

छुट्नेछन् भार सबैका जिन्दगीको खुड्किलामा
बस्नेछन् आनन्दले शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा

निरास बनी मन चरी उडिरहन्छ गगनमा
सुबास बनी मिसिएर आइदेऊ न पवनमा

आनन्दनै आनन्दको लहर सधै फैलिरहोस
शिवपुरी नागार्जुन निकुञ्जले सुवास सधै छरी रहोस्

उसका मनका कथाहरु नजाउन सबै बिलाएर
उसकै मनका व्यथाहरु नसाँचिदेऊ खेलाएर

विचित्र नै संसारको जान्न किन सकिएन
शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जलाई जोगाउन किन सकिएन

निरास बनी मन चरी उडीरहन्छ गगनमा
सुबास बनी मिसिएर आईदेउन पवनमा

Dinosaur

Simreek Shreshtha
Class: 8, North Valley Secondary School

The dinosaur, an ancient beast.
Its neck was very large
His every eye were as tennis balls
His stomach was bigger
than a garage.
A neck as long as Friday
I'm glad he lived so long so
And didn't live in my day!!!

नव वर्ष २०७३ सालको पावन अवसरमा यहाँहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

युरोप, अमेरिकाको स्तरीय अध्ययनको लागि हामीलाई सम्झनुहोस् ।

IELTS, TOEFL, English & Japanese Language Study

Kosh Raj Giri
CEO
THOMAS
International Education Pvt. Ltd.
Putalisadak, Kathmandu
Tel: 977-1-4245817

हाम्रो नागार्जुन वन



सुमनलाल महर्जन
प्र.अ., श्रीपुरानो गुहेश्वरी मा.वि. गोल्ढुङ्गा

विक्रम सम्वत २०३० साल तिर नागार्जुन घना जंगल थियो । जंगलको छेउछाउमा घरेलु चौपाया चरणको लागि लगिन्थ्यो । चैत्र, बैसाख महिनामा काफल पाक्दा कोइलीको मिठो स्वर सुन्न र काफल खान विद्यार्थीहरुको बाक्लो उपस्थिति हुन्थ्यो । गाउँघरमा मानिसहरुको खाना पकाउन दाउराको लागि त्यहि जंगलबाट गुजारा चल्दथ्यो ।। जरायो, मृग जस्ता वन्यजन्तु घाँसपात, अन्नबाली, पानी खान जंगलबाट बाहिर खुल्ला ठाउँमा निस्कन्थ्यो । अहिले पनि थुप्रै संख्यामा बदेल, जरायो कृषकहरुले रोपेको मकै, कोदो, उखु खान खेतबारीमा आउने गर्दछ । यसको संरक्षणको लागि सम्बन्धित निकायले ठाउँ ठाउँमा भत्किएको पर्खालमा छेकबार लगाउने काम भयो । जसले गर्दा जंगलमा रहेको वन्यजन्तुहरु बाहिर खुल्ला ठाउँमा आउन बन्देज लाग्यो । वि.स २०३१/३२ सालमा नार्गाजुन जंगलकै स्वामित्वमा रहेको बालाजु वाइपास हुँदै त्रिशुली जाने मूल सडक मुनी रहेको साना साना बुट्यानहरुले भरिएको करीब १०० रोपनी क्षेत्रफल जमिनमा तत्कालिन सरकारले आरु, आलु बखडाको विरुवा रोपी लटरम्म फुल फुलाएको थियो । अमृत झैं गुलियो जुनारको जस्तो रसिलो रस भएको फलफुल खाएको अनुभव अहिले सम्म विर्सन सकेको छैन । त्यहाँ कार्यरत कर्मचारीहरुले सुपथ मूल्यमा फलफुल बेचेर आम्दानीको स्रोत पनि बढाएका थिए । तर त्यो कार्यलाई २,३ वर्ष भन्दा बढी निरन्तरता दिन सकेन । हाल यस क्षेत्रमा विभिन्न जातका विरुवा छन् । यसै निकुञ्जमा रहेको रानीवन र ईचङगु नारायणको सिमानामा पर्ने जंगलमा ठूलो संख्यामा कालिज पालीएको छ । दृश्य अवलोकन गर्ने क्रममा यसले दर्शकलाई मोहित तुल्याएको छ ।

हाल यहाँ जरायो, मृग, हाब्रे (पाण्डा), चितुवा, सालसको बासस्थान भएको मानिन्छ । नार्गाजुन जंगलको फेदीमा पर्ने श्री पुरानो गुहेश्वरी मा.वि. मा अध्ययनरत विद्यार्थीहरुले उक्त निकुञ्जले आयोजना गरेको वातावरण, वन्यजन्तुको संरक्षण, वृक्षारोपण सम्बन्धित अन्तरक्रिया कार्यक्रममा सहभागी हुँदा विभिन्न जातका बनस्पति, निकुञ्जमा पालिएका कालिजहरुको अवलोकन गर्ने अवसर प्राप्त भएको थियो । बिगतको गतिविधिलाई हेर्दा हाल भौतिक निर्माण भएका वस्तु जिर्ण अवस्थामा पुगेको छ । निकुञ्जका अधिकांश भागहरुमा इट्टाको पर्खाल भत्किएको, काढेतार भत्किएको छ जसले गर्दा काठ, दाउराको चोरी हुने वन्यजन्तुहरुको सुरक्षामा कमि आउने र समय समयमा चितुवा, वदेल, बाहिर निस्की मानिसहरुलाई आक्रमण गर्ने गरेको पाईन्छ ।

नार्गाजुनको चुचुरोमा रहेको शिव मन्दिर र बुद्ध भगवानको स्तुप रहेको उक्त स्थानलाई जामाचो को नामले पनि चिनिन्छ । प्रत्येक वर्ष बैशाख पूर्णेमाको दिन उक्त मन्दिरमा मेला लाग्ने गर्दछ । त्यो

समयमा भने निःशुल्क र अन्य समयमा शुल्क लिई सर्वसाधारण मानिसहरुलाई अवलोकन र घुमफिर गर्न पठाउने गर्दछ । यस जंगलमा ठाउँ ठाउँमा सिमसार रहेका छन । विभिन्न भागबाट पानीको मूलफुटी वालाजु वाइसधारा, दगुर्ने पानी, नागीनीखोला, नौमुले, मुडखु लगायत अधिकांश ठाउँहरुमा कञ्चनपानी बगीरहेको देखिन्छ । उक्त पानी यहाँ बसोबास गर्ने स्थानीय बासिन्दाहरुले उपभोग गर्दै आइरहेका छन् भने बाइसधारा, दुगुर्ने पानी बजारमा बग्ने यस मूलको पानी दुई दशक अगाडी नै सुकिसकेको छ । २०७२ बैशाखमा गएको विनासकारी भुकम्पले ठाउँ ठाउँमा जमिन चिरा परेको छ भने सदियौं देखि जमिनमा कसिएर रहेको ठूल्ठूला ढुङगा मूलसडकमा झरेको छ । साविक गोलढुङगा गा.वि.स भवनको पश्चिम तिर बग्ने तिन धारा ढुङगाको मूल सुकेको छ । उक्त पानी पिउन र सिचाईको लागि प्रयोग गर्दै आइरहेकोमा त्यसबाट उपभोक्ता र किसानहरु चिन्तीत हुनु परेको छ ।

प्राकृतिक सम्पदाको रुपमा रहेको शिवपुरी नार्गाजुन राष्ट्रिय निकुञ्ज भित्र पर्ने नार्गाजुन वनले सन्तुलित वातावरणलाई स्वच्छ बनाउने र यसको प्रभावले समय समयमा बर्षाद हुने गर्दछ । यसले गर्दा जग्गा जमिन रसाउने, कृषकहरुलाई खेती गर्न ठूलो राहत मिल्ने गर्दछ । अहिले सामुदायिक वनजंगलको सुरक्षामा कमि आएको र नीजि रुपमा भोगचलन गर्दै आइरहेको पाखा, पखेरा वनजंगल फडानी गरि प्लटिङ्ग गर्नुका साथै घर बनाउने कार्यले तिव्रता पाएको छ । यसले गर्दा पानीको मुहान, सिमसार सुक्दै आएको छ । प्रकृतिक वातावरण असन्तुलन भई जीवजन्तु र चराचुरुङ्गीले आफु बस्ने बासस्थान गुमाउनु परेको छ ।

भुकम्पको चपेटामा परि आलो घाउ निको हुन नपाउँदै भारतको अघोषित नाकाबन्दी र नेपालको राजनिति खिचातानीले गर्दा नेपाली जनताहरुले दैनिक उपभोग्य बस्तु लगायत ग्याँस, इन्धनको अभावको सामना गर्नुपर्‍यो । नाकाबन्दीको असर वातावरण वनजंगललाई समेत प्रत्यक्ष, परोक्ष रुपमा असर पारेको छ । जुनसुकै स्थानमा रहेका ठूला, साना रुख बिरुवा दिनदिनै फडानी गरी दाउराको रुपमा प्रयोग भएका छन् ।

निस्कर्षमा भन्नुपर्दा वनजंगल, वन्यजन्तुको संरक्षण गर्न अविलम्व नार्गाजुन क्षेत्रमा स्थायी कम्पाउण्डवाल निर्माण गरि वा काढेतार व्यवस्था मिलाउनु पर्ने, खाली जमिनमा वृक्षारोपण गर्ने, जनचेतना फैलाउने, ठाउँ ठाउँमा चेतनामूलक सन्देश लेख्ने । जसले गर्दा वातावरणको सन्तुलन कायम गर्न सहयोग पुग्दछ ।

नव वर्ष २०७३ सालको पावन अवसरमा यहाँहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

:t/Lo s'tf{;?jfnsf]nflu
xfdLnf0{;DemgXf];\.

शुवाश श्रेष्ठ
Go":jOfL{df k|]G;L
पुरानो बानेश्वर, काठमाडौं

Conflict / Rescue



गोलढुङगामा चितुवा



पवित्रा सापकोटा
कक्षा १०, नागार्जुन मा.वि. गोल्ढुङ्गा

२०७२ फाल्गुन १६ गते तारकेश्वर न.पा, गोलढुङगा क्षेत्रमा एक वयस्क पोथी चितुवा बाँसघारीमा लुकेको खबर एकै छिनमा गाउँभरी फैलियो । हामी विद्यार्थीहरु स्कुलमा थियौं, स्कुलबाट हिडेर ५ मिनेटमै पुगिने सो फुयाल चोकमा मानिसहरुको भिडभाड भईरहेको थियो । हामी विद्यार्थीहरु शितल श्रेष्ठसँगै सो स्थलमा पुग्दा निकुञ्ज क्षेत्रमा खटिएका सैनिक एंव सो क्षेत्र हेर्ने प्रहरी दाजुभाईहरु पनि हुनुहुन्थ्यो । उक्त चितुवालाई नियन्त्रणमा लिन जिल्ला वन कार्यालय काठमाडौंमा फोन गरिसकेको कुरा त्यहाँ उपस्थितहरुबाट सुनियो । भिडभाडबाट नै अहिले के को चितुवा हुनु, चितुवा भए निस्किहाल्थ्यो नि भन्दै कुरा पनि गरिरहेका थिए । चितुवा छैन भन्ने दुई जना दाजुहरु बाँसघारी नजिकै नियाल्न पुग्दा, चितुवाले दुबै जनालाई पालै पालो भ्याम भ्याम गालामा चिथोर्दा रक्तामै भएका ति दुई दाई उपचारको लागि उक्लदै गरेको देख्दा सबै डराईरहेका थियौं । अझ मेरो घर त त्यही डिलमा हामी सबै परिवार कति डरायौं होला ? गाउलेहरुकै भिडबाट केहिले सैनिक र प्रहरीलाई तपाइहरुले चितुवा नसमातेर के गरेको भन्दै कराई रहेका थिए । कोहि बृद्ध बृद्धा हरु यस चितुवालाई वेहोस गर्ने सुइ लगाइन्छ अनि वेहोस चितुवालाई नै जंगलमा छोडिन्छ भन्ने जस्ता कुरा पनि गरिरहेका थिए । गाउलेहरुले एक हप्ता अगाडि सो शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको आँडमै एक वेवारिसे चितुवा को बच्चा फेला पारि निकुञ्जलाई बुझाएको र सोही बच्चा खोज्दै पोथी चितुवा भौतारिएको हो भन्दै सैनिक र प्रहरी संग भनाभन गरिरहेका पनि थिए । केहिछिनमै जिल्ला वन कार्यालय काठमाडौंको गाडिमा केहि कर्मचारी एंव "सेन्ट्रल जु" लेखिएको भेष्ट लगाएका एक जना भेटनरियन पनि आउनु भएको थियो । गाउलेहरुले यतिका ढिलो किन आएको भनि कराए पनि । चितुवा उद्धार गर्न आएका सो टोली ले खुल्ला ठाउँको बाँसझाङमा रहेको चितुवालाई नियन्त्रणमा लिन गाह्रो हुन्छ भन्दै पन्छिरहेका थिए । गाउले आक्रोसित





भएर सो उद्धार टोलीलाई यतिपनि गर्न नसक्नेले किन रमिता हेर्न आउनु परेको भन्दै कराएको पनि सुनियो । केहि समय गाउले र उद्धार टोली विच भनाभन भयो । उद्धार टोलीले चितुवाको आनिवानी, यसलाई नियन्त्रणमा लिन सकिने उपाय एवं विभिन्न ठाउमा उद्धारको क्रममा घटेको घट्ना र सांघातीक आक्रमण भएका कुरा सुनाउदा मात्र गाँउलेहरु शान्त भए अनि सो चितुवालाई खोर/पासोमा हाल्ने सहमति भई उद्धार टोली फर्कियो । साँझ-साँझ पर्न लाग्दा उद्धार टोली मार्फत नै एउटा चितुवा को खोर ल्याईयो । झमझम् पानी पर्न लागेको अनि साझ नै हुन लागेको हुदा मेरी आमाले सरहरुलाई छाता दिएर एव इमरजेन्सी लाइट वालेर सहयोग पनि गर्नु भयो । केही गाँउले दाईहरुले एउटा जिवित कुखुरा ल्याई उक्त खोरमा बाँधेर राखे र चितुवा सो खोरमा पसे पछि खोरमा नियन्त्रण लिने गरी खोरलाई व्यवस्थीत गरी सो ठाउमा राखियो । हामी विद्यार्थीहरुले पनि कसरी चितुवा सो खोरमा पारिन्छ । अनि डार्ट गरेर प्राकृतिक वाँसस्थानमा छोडिन्छ भन्नेकुरा जान्ने मौका पायौं । भोली पल्ट विहान चितुवा अन्तै लागेको सुनियो । करिव एक हप्ता सम्म पासो सोही ठाउमा राखियो तर चितुवा फेरी आएन ।

तारकेश्वर न. पा. बढ्दो वातावरणीय समस्या



कृष्ण अधिकारी
Class 10, Nagarjun Secondary School

तारकेश्वर न.पा. अन्तगर्त पर्ने जितपुर फेदी, गोलढुङ्ग क्षेत्र निकै मलिलो हराभरा भएको कारण यहाँ कृषि उब्जनी प्रनि प्रशस्त हुन्छ । यहाको सागसब्जी एवम तरकारी शहरी क्षेत्रमा निकै खपत पनि भएको छ । गाउका कृषकहरु रसायनिक मल एवं विषादीको प्रयोगमा आकर्षण हुदा वातावरण एवम जीव जन्तुको स्वास्थ्यमा नकारात्मक प्रभाव वढिरहेको छ । सागसब्जी एवंम कृषि उपजमा नजानिदो रुपमा विषादीको प्रयोग एकातिर वढिरहेको छ भने केहि खुलेका ससना उद्योगले पनि वातावरण प्रदुषण गरेको अवस्था छ । हाम्रै स्कुल नजीक एक कार्टुन उद्योग वाट निस्केको विषादी रंग मिसिएको पानी सोझै खेतबारी मा पुग्ने एवं जनावरहरुले खाने गर्दा समेत यसको रोकथाम गर्न कोहि अगाडि नसरेको देख्दा भोलीका पुस्ताहरुको अवस्था कस्तो हुने हो भन्ने विषय चिन्ताजनक छ । केहि दशक अगाडि सम्म घरपरिवारलाई पुग्दो तरकारी एवम अन्नवाली उब्जाउने यी क्षेत्र अनियन्त्रीत पल्टीङ्ग एवम् भवन निर्माणले समेत बातावरणमा नकारात्मक प्रभाव छाडेर अगाडि बढिरहेको विषयमा चिन्ताजनक अवस्था छ ।



अजिंगर Python Species



उपेन्द्र अधिकारी
Class 10, North Valley English Secondary School

नेपालमा पाइएका दुई प्रजातिका अजिंगर मध्ये बर्मिज अजिंगर, Burmese Rock Python, *Python bivittatus* र इन्डियन वा एशियाटिक अजिंगर, Asiatic Rock Python, *Python molurus* हुन् । दुबै प्रजातिमा चारपाटे टाटा पूरै शरीरभरि भएका हुन्छन् । बर्मिज अजिंगर बढी गाढा रङ्गको रातो देखि खैरो र गाढा क्रिम रङ्गको टाटा, गाढा खैरो वा कालो छालामाथि हुन्छ । टाउकोमा त्रिशूल आकारको चिन्ह हुन्छ, जहाँबाट बाँकी टाटा देखिन थाल्छन् । सानादेखि ठूला स्तनधारी पंक्षी, घस्रने जाति र उभयचर जातिका जनावर खाने दुबै अजिंगर मांशाहारी हुन्, जसले तातो रगत भएका प्राणीलाई खाने गर्छन् । यिनीहरू साधरणतया पानी, सिमसार र दलदल नजिकको जंगलमा बस्छन् । पोथीले ८०-१०० वटा अण्डा पारी ६०-८० दिन ओथारा बसी बच्चा कोरल्छन् । बच्चा ४५-६० से.मि. लामा हुन्छन् । इन्डियन अजिंगर बर्दिया जिल्लामा पाइएको छ तर तराईका अन्य भूभागमा पनि पाइने सम्भावना छ । बर्मिज अजिंगर नेपालको तराईमा प्रशस्त पाइन्छ र मध्यपहाडी क्षेत्रमा पनि पाइन्छ । नेपालको तराईको संरक्षित क्षेत्रहरू जस्तै बाँके, बर्दिया, पर्सा, शुक्लाफाँट, कोशी टप्पु बन्यजन्तु र चितवनमा खेतबारीमा निस्किने गरेको पाइन्छ । Asiatic Rock Python साइटिस अनुसूचि १ र Burmese Rock Python यो साइटिस अनुसूचि २ मा र यी दुवै आइयूसिएन रेड बुकमा संवेदनशीलमा राखिएको छ ।



सम्पूर्ण विद्यार्थी भाइबहिनीहरुलाई नव वर्ष २०७३ को शुभकामना
व्यक्त गर्दै वातावरण जोगाउन यहाँहरुको
भूमिका महत्वपूर्ण रहोस् ।

शम्भू मगर टिका बहादुर मगर लिल बहादुर मगर
मलेशिया

Poem

फोहोरलाई बनाए हुन्थ्यो मोहर



रक्षक रेग्मी
कक्षा १०, नागार्जुन ठूला गाउँ उ.मा.वि. जितपुरफेदी

यस क्षेत्रको वनजंगल जतातेतै फडानी भइरहेको छ ।
जनावरले बासस्थान नपाएर मानव बस्तीमा आइरहेको छ ॥
कहि बाढीले जमिन बगेको छ, कहिँ पहिरोले भासिएको छ ।
वर्षेनी वनजंगल मानवको अनौतिक व्यवहारले नासिएको छ ॥
यहाँ वातावरण प्रदुषण तिब्र रुपले बढेको छ ।
यसको असर मानव र जनावरलाई परेको छ ॥
नागार्जुन क्षेत्रमा तस्करी रोक्ने प्रयास भएको छ अनेक तवरले ।
तर दुःख लाग्छ हाब्रे जस्ता दुर्लभ जनावरको तस्करी भएको खबरले ॥
काडमाडौंमा उत्पादित फोहोर डम्पीङ्ग साइडमा फालिन्छ ।
लापरबाहिले गर्दा फोहोर सडकमा झारीन्छ ॥
बाँदर लगायत अन्य जनावर खोस्रन थाल्छन फोहोर ।
नेताहरु खालि भाषण मात्र गर्छन बरु त्यो फोहोरलाई बनाए हुन्थ्यो मोहोर ॥
अव्यवस्थित रुपमा फालिएको फोहोरले महामारी फैलाउँछ जहिले पनि ।
त्यसैले मानव र जनावर असल वातावरणमा रम्न पाएको छैन कहिलेपनि ॥
वन फडानी गर्ने क्रममा मानव अगाडी सरेको छ ।
जस्को बदला जनावरले मानवलाई आक्रमण गरेको छ ॥
जतातै खोलिएको अव्यवस्थित होटल झनै ठूलो समस्या ।
जतातै फालिएको छ चाउचाउ र फुर्टिको बट्टा ।
त्यहिँ खाना खाएर बाँच्छन जनावर प्रकृतिक खाना खानुको सट्टा ॥
अव्यवस्थित शहरीकरणले गर्दा जतातेतै फोहोरको रास छ ।
त्यहि फोहोरको डङ्गुरमा जनावरको बास छ ।
तिब्र रुपमा परिवर्तन भएको छ जल र वायु ।
विभिन्न रोग उत्पति भएको छ र खस्कदै छ मानवको आयु ॥

Article

Endangered Species of Animals



Anu Bindukar
Class 10, North Valley Secondary School, Dharmasthali

Endangered species is a species that may become extinct in the near future. Throughout evolutionary history millions of species have died out due to natural processes. Over the past 300 years, however humans have speeded up the extinction rate more than 1000 times, it is now estimated that one species dies out every 15 minutes. Humans are responsible for almost all recent animals' extinctions. Threats to wildlife are caused by various human activities.



Many animals are killed for their skins, bones or horns. Many species of cat that have become endangered through pouching for skins. When non-native animals are introduced to a country, they may have a disastrous impact on native wildlife preying on animals and competing for food. As the human population expands, more land is needed, as a whole wildlife is destroyed.

Various measures are being used around the world in an effort to save endangered species from extinction. Anti-poaching squad has been set up to protect animals such as rhinoceros, elephants and gorillas some countries including Kenya shoot poachers on sight.

The Arabian Oryx was hunted to extinction in the wild. After a captive - breeding programmed in 2008, it was returned to its natural habitat. So because of inhumane practices, out of 1253 species of vertebrate animals, 78 species are in verge of extinction and Nepal has not remained untouched from this problem. And if this practice continues on same trend, there won't be animals found on earth's surface on near future.

नव वर्ष २०७३ सालको पावन अवसरमा यहाँहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

पुष्प महर्जन
Jackson Trading House
अद्वैतमार्ग, बागबजार, काठमाडौं, फोनः ४२५४७६०

स्तरीय कपडा एवम् सिलाईको लागि हामीलाई सम्झनुहोस् ।

Article

Forest and its importance

Januka Aryal
Class XI, Jitpurphedi Higher Secondary School

The word "forest" arrives from latin words "foresta" which means vast land covered with woods. A forest is a large area of land covered with trees or other woody vegetation. Hundreds of more definitions of forest are used throughout the world, incorporating factors such as tree density, tree height, land use, legal standing and ecological function. According to United Nations Food and Agriculture Organization (UNFAO), forests covered an area of four billion hectares (15 million square miles) or approximately 30% of the world's land area in 2011 A.D. Forests are the dominant terrestrial ecosystem of earth, and are distributed across the globe. Forest is found in every corner of earth. But due to variation of climate, different types of forest are found in different climate.

A forest consists of many components that can be broadly into two categories that are biotic (living) and a biotic (non-living) component. The living parts include trees, shrubs, vines, grasses and other herbaceous (non-woody) parts, reptiles, amphibians and microorganisms living on the plants and animals in the soil. These interact with one another and with the non¬-living part of the environment including the soil, water and minerals.

Forest resource is considered as source of energy worldwide. About 47% of the total energy consumption is supplied by forest in the world.There are many forest based industries in the world. Forest provides raw materials for the manufacture of goods such as paper, medicine, plastics, matches etc. Forest is widely found all over the world. So the country can increase its national income by selling the woods to the other countries. The root of the trees in the summer season olds the water and release in dry season. Besides, forest helps to reduce soil erosion and landslides by holding water within it. Some problem causes by deforestation are bringing natural calamities, Shortages of forest products, it will degrade the environment and cause environment imbalance and Wild animals will lose their habitat.The major causes of deforestation are rapid population Growth, Source of earning, Illiteracy in people and rapid urbanization. According to United Nations Food and Agriculture organization there were about 15 trillion trees worldwide in 2006 but in 2011 the trees were decreased up to 11 trillion. This is all due to rapid deforestation which is doing by people in the world so; it should be preserved at a time to save the deforestation, and for this Control the population, employment, awareness, a forestation is needed and rapid urbanization should be stopped.

In conclusion the forest is a gift given by the god. If we used this gift carefully we will get many benefits from the forest and a tree is a god itself as trees is worshipped by people. So we should conserve the forest. The government of a country should implement proper laws and rules to save the forest of a country. If we don't save our forest, our god, then our future will be dark.

Transaction of illegal wildlife derivatives



Srishma Aryal
Class 10, Prithivi Narayan Higher Secondary School

The things which are created by nature and available in nature are known as natural resources. The gift of nature is air, water, soil, minerals, microbes, forest and wildlife etc. Forest and wild life are one of the most important resources. Natural resources and wild life are inter related to each other. As we know, our country is rich in forest. There's a proverb also " Hariyo Ban Nepal ko Dhan" It means forest is wealth and related to it (wild life) are also our wealth. In our country there are different flora and fauna but some are going to be extinct like Rhinos, Tigers, red pandas, musk deer etc.

The poaching of Rhinos, Tiger, red pandas and musk deer increased day by day. If rhino horns and tiger bones are smuggled primary for their so called medicinal properties. The musk is used to make perfumes amount which is three times the value of gold even the locals are involved in poaching the trade endangered species seems to be very organized.

The transaction during the political change in the country and the switching over of animal poaching increased the rate of poaching. As counter measures Department of national park wild life conservation has formed anti-poaching unit members and informants is aimed at encouraging the people to help the unit in its drive to minimized poaching and reward them for their co-operation for the effective operation of anti-poaching units, additional units to be formed. The department of National park and wildlife conservations has been activate in raising consciousness among the tourist about buying and selling wildlife goods in Nepal.



Confiscated from TIA, Nepal

The national parks has put in request to help preserve Nepalese wildlife and embarkation card given inside airplanes and during arrivals also clearly states the illegality of transaction of illegal goods derived from wildlife species. Conservationist point out the wildlife is a major indicator of countries natural resources, which in term is the main factor for that attracts tourists to a country like Nepal.

एकसिङ्गे गैंडा One-horned Rhinoceros/ *Rhinoceros unicornis*



Rupesh Timsina
Class 10, North Valley Secondary School

गैंडा, हात्ती पछिको सबैभन्दा ठूलो जनावरको रुपमा चिनिन्छ । एकान्तप्रीय एक्लै चलखेल गर्ने, एकदिनमा ६० किलो सम्म घाँस पात खान सक्दछ । एक्लै, जोडीमा वा माउ बच्चा संगै रहने चाल सुस्त देखिए पनि फुर्तिला एवं होसियार हुन्छन । आँखा कमजोर भएपनि सुघ्ने शक्ति तीक्ष्ण हुन्छन



आक्रमण गर्दा तिव्र गतीमा हानिन्छ र दाँत प्रयोग गरि घाइते बनाउछ तर सिङ्ग प्रयोग गर्दैन । सिङ्ग भनिने कडा बस्तु रौँ को परिवर्तित रुप हो । जुन यौन उत्तेजक पदार्थ नभएको बैज्ञानिक पुष्टि भएको छ । यसैका लागि नै गैंडाको सिकार गर्ने गरेका छन् । गैंडाले सँधै एकै ठाउँमा दिसा गर्ने भएको र दिसा गर्ने बेलामा पछाडी पछाडी हुँदै पुग्ने भएको कारण पनि चोरी शिकारीको पासोमा सजिलै पर्दछ । नेपालको रु. १०० को नोटमा यसको चित्र अंकित छ । यो धेरै अघिदेखि चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्ष र शुक्लाफाँटा वन्यजन्तु आरक्षमा पाइन्छ । यो संरक्षित वन्यजन्तु साइटिस अनुसूचि १, आइयूसिएन रेड बुकमा संवेदनशील वर्गीकरणमा रहेको छ ।

वन्यजन्तुको अवैध शिकार, जडीबुटी, आखेटोपहारको अवैध चोरी निकासीलाई नियन्त्रण गर्न हरियाली रक्षकको कदम सफल रहोस् साथै वन्यजन्तु अपराधमा मुख्य अपराधीलाई छुट्कारा दिई निर्दोष व्यक्तिलाई दु:ख दिने प्रवृतिलाई निरुत्साहित गर्दै तस्करहरुको जालो तोड्न सफल होस् भन्ने कामना गर्दछौं ।

गणेश लामिछाने सविन मगर चेत बहादुर मगर
जापान

Jatropha (Physic Nut)



Sunil Thakur
Class 10, North Valley English Sec. School

Jatropha is a flowering plant. it is derived from greek words 'jatros' and 'Trophed' meaning Doctor and food respectively. It contains about 170 species of plant. Most of these are native to the America. Jatropa is also known as 'Jatropa curcas' English name - Physic nut but called sajiwan in nepali.

Jatropa plant is good from the environment point of view, as it helps on reclamation of marginal lands by alleviation soil degradation and desertification which may helps to reduce the soil erosion and decrease flash flood and landslides especially as one of the alternatives to fossil fuel.

In Nepal, It is a abundantly found in the terai and lower hills. As it is non-palatable, it is used as a live fence in most of the places in Nepal. If can easily be cultivated up to the height of 1200 m from sea level. Jatropha produces seeds with an oil content of 37°. The oil can combusted as fuel which cures with clear smoke-free flame tested successfully as fuel for simple diesel engine and also has characteristics of insecticide and used as a good organic fertilizer.

Advantages of Jatropha (physic nut)

- Use as Biodiesel
- Use as eco-friendly and oxygenated
- Reduces expenditure on oil imports
- Non toxic, biodegradable, safe to handle
- Helps to minimize desertification
- Protects the climate
- Soap production
- Used as bio-energy
- Used as pesticides and fertilizer
- High oil contents



समाचार मित्रको समाचार

eview 1991-
al and Business Weekly

Koirala-led government's ... Gopal Khanal. Had the Chinese side not borne the ... and aides and bureaucrats and 13 lawmakers.

Celebrating macaques day in Kathmandu

By Our Reporter

On the occasion of International macaque's day 16th March, Little Green Guard, Nepal (LGG) organized two-day program in Kathmandu on 16th and 19th March at Baisdhara park and fun park, Bhikutimandap respectively and celebrated Macaques Day for the first time in Nepal.

The event was held to make people aware about the monkeys and their situation in Nepal. As people of Kathmandu showed no sympathy and affection towards monkey and treat them as a destructive creature LGG wanted to change the way people looked at those animals in a better way.

The awareness program had been done in a very creative manner. The LGG had set up road quiz contest, drawing competition, poster show and fun program and students and people had participated. People had a great time, they enjoyed taking their pictures on a monkey banner as well as learning about them.



The coordinator of LGG, Nepal Bishwanath Rijal said "people don't have sympathy towards the monkey, as human and monkey stay in same area, conflict arises between them. So to minimize the conflict and to increase love and affection towards the monkey, we organized this awareness program, celebrating Macaques Day. He further said that some people didn't like what they were doing but most of them supported and showed positive sign towards their program. Them the program overall was successful.

Source: People's Review Weekly (March) and Asia Pacific Daily (February)

A Year of Monkey

Monkeys are also known as ancestors of human beings that fall under paraphyletic group generally possessing tails and consisting of approximately 260 known living species. Monkeys, particularly Old World monkeys, are generally considered to be intelligent animals. As we celebrate Chinese New Year, we also celebrate year of monkeys. The New Year will begin on February 8, according to Chinese calendar. The Monkey is the ninth sign of the Chinese zodiac. Each year of a 12-year cycle is attributed to an animal, this year being monkey's. Your Chinese zodiac sign is Monkey if you were born in 1932, 1944, 1956, 1968, 1980, 1992, 2004 and now 2016.

So what does it mean if your zodiac sign is Monkey?

According to Chinese zodiac, people who have this zodiac sign are smart, lively and quick-witted. They are gentle and honest, but they can also be jealous and short-tempered. Are you one of them?

Drawing

चित्रकला



सरोज बजगाईं
कक्षा १०, पृथ्वीनारायण उ.मा.वि.



अस्मिता धरेल
कक्षा ८, श्रीपुरानो गुहेश्वरी मा.वि.



प्रबुध लामिछाने
कक्षा ९, पृथ्वीनारायण उ.मा.वि.



नव वर्ष २०७३ सालको पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा शान्ति छाओस्, देशमा सुशासन कायम भई विकासको लहर चलोस् भन्ने शुभ-कामना व्यक्त गर्दछौं ।

Rising Rays Secondary School
New Plaza, Kathmandu

New Don Bosko Secondary School
New Plaza, Kathmandu

Siddhartha Public Academy
Bagbazar, Kathmandu

Sai Siksha Secondary School
Kathmandu

Royal Public Secondary School
Bagbazar, Kathmandu

Dreamland Public Sec. School
Bagbazar, Kathmandu

Snow Apex Secondary School
Dhobidhara, Kathmandu

Kamyak Secondary School
Bagbazar, Kathmandu

Ambition Academy
Baneshwor, Kathmandu

Sunkoshi Secondary School
Kathmandu